# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

२०७८

गोडैता नगरपालिका

## गोडैता नगरपालिका, सर्लाही

विषयसूची

पृष्ठ संख्या

१. पृष्ठभूमि ....................................................................................३
२. समीक्षा ....................................................................................३
३. गोडैता नगरपालिकाको संक्षिप्त परिचय....................................................................................५
४. विद्यमान स्थिति ....................................................................................७
५. विद्यमान समस्या, चुनौती र अवसर....................................................................................१०
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता....................१३
७. नीति निर्माणका सिद्धान्तहरू....................................................................................१४
८.नीति निर्माण प्रक्रिया ....................................................................................१४
९. नीतिको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिक उद्देश्यहरु..........................१५
१०. नीति तथा रणनीतिहरू....................................................................................१६
१२. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व....................................................२१
१३. आर्थिक पक्ष....................................................................................२१
१४. कानूनी व्यवस्था....................................................................................२१
१५. नीति कार्यान्वयन तथा अनुगमन....................................................................................२२
१६. जोखिम तथा जोखिम न्यूनीकरणका लागि नगरपालिकाले ध्यान दिनुपर्ने कुराहरू ...२२
१७. अनुसूचीहरू....................................................................................२३

## २. पृष्ठभूमि :

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि सामाजिक न्याय सुनिश्चित गर्न; समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न निर्दिष्ट गरेको छ । संविधानको धारा १२ ले वंशीय आधारमा लैङ्गिक पहिचान सहितको नागरिकताको अधिकार सुनिश्चित गरेको छ । महिलाको हक, बालबालिकको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी महिला, बालबालिका लगायतसीमान्तकृत समुदायको समान तथा सम्मानजनक रूपमा बाँच्न पाउने हक सुनिश्चित गरी कुनै पनि बहानामा हुने विभेद तथा हिंसालाई दण्डनीय बनाएको छ । यसैगरी राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व अन्तरगत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरी सीमान्तकृत तथा अल्पसंख्यक समुदायको पहिचान, सशक्तीकरण, रोजगारी, जीविकोपार्जन लगायतका विषयमा संवैधानिकरूपमा नीतिगत निर्देशन गरेको छ ।

संविधानद्वारा प्रदत्त हक अधिकारलाई निर्वाधरूपमा नागरिकले उपभोग गर्ने वातावरणको सुनिश्चितता गर्नु राज्यको दायित्व हो । देश संघीय संरचनामा गइसकेको छ । सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नु तीनै तहका सरकारको दायित्व हुन आउँछ । यसका लागि तीनै तहका सरकारले समाजका विभिन्न वर्ग, लिङ्ग, क्षेत्रबीच रहेको सबै किसिमको असमानता, विभेदकारी सोच र संरचनालाई रूपान्तरण गर्दै समानताउन्मुख हुनको लागि लैङ्गिक समानता र समावेशीकरणलाई प्रमुख औजार/माध्यमको रूपमा अंगीकार गरिसकेको अवस्था र लैङ्गिक समानताका विद्यमान चुनौती तथा अवसरहरूको आधारमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको आवश्यकता महसुस गरी सर्लाहीको गोडैता नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ निर्माण गरी जारी गरेको छ।

## २.समीक्षा :

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र हुनुका साथै मानव अधिकारका विभिन्न महासन्धि, अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले त्यस अनुरूप काम गर्ने प्रयास गरिरहेको छ । नेपालले मानव अधिकार सम्बन्धी ९ वटा ठूला महासन्धिहरूमध्ये ७ वटालाई अनुमोदन गरी पक्ष राष्ट्र भएको छ । महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धि (CEDAW) लाई २२ अप्रिल १९९१ मा बिनाकुनै शर्त अनुमोदन गरेको छ । महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राष्ट्रले पेस गर्ने प्रतिवेदनको सुनुवाइ तथा विश्लेषण गरी प्रतिवेदनमाथि प्राप्त निष्कर्ष र सुझावहरूको सम्बोधन गरिरहेको छ । लैङ्गिक विभेद, हिंसा र बालविवाह, समानता र विकासको प्रमुख बाधकको रूपमा रहेको कुरालाई महसुस गरी दिगो विकासको लक्ष्यमा लैङ्गिक समानता हासिल गर्ने अन्य मुलुकहरू झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाई राष्ट्रिय सूचकहरू सहित मार्गचित्रसमेत तयार गरेको छ ।

नेपालमा राणा कालिन समय देखि नै लैङ्गिक असमानताका विरुद्धमा आवाजहरु उठ्दै आएको पाइन्छ । प्रजातन्त्रको स्थापना सँगै २०१३ सालमा प्रथम पञ्चवर्षिय योजनाबाट देशमा योजनाबद्ध विकासक्रमको


सुरुवात भयो । त्यस समयमा महिलाका लागि स्वास्थ्य क्षेत्रमा ग्राम विकास अन्तरगत गाउँमा महिला स्वास्थ्यकर्मी तयार गर्ने र परिवार नियोजन र मातृ मृत्यूदर घटाउने विषय मात्र समावेश भयो । यो अवस्था चौथो योजनासम्म रहिरहेको पाइन्छ । पाँचौ पञ्च वर्षीय योजना २०३२/३७ मा बालिका शिक्षा बढाउन जोड दिएको पाइन्छ । छैटौं र सातौं पञ्च वर्षिय योजनाले महिला सहभागितालाई जोड दिइ कृषि, शिक्षा, घरेलु जस्ता कार्यक्रममा महिला सहभागिता निश्चित गर्न विशेष कार्यक्रमहरु ल्याएको थियो भने महिला शिक्षाको लागि प्रौढ शिक्षा, छात्रावृत्ति, छात्रावास कार्यक्रम ल्याएको थियो ।

देशमा भएका राजनीतिक परिवर्तनहरूसँगै विकासका रणनीतिहरूमा पनि परिवर्तन भएका छन् । २०४६ सालको बहुदलिय व्यवस्था सँगै महिला बिकासका नीतिमा पनि केहि परिवर्तनहरु भए । महिला बिकास कार्यक्रम सञ्चालनको लागि स्थानिय बिकास मन्त्रालयमा महिला बिकास शाखा र जिल्लाहरुमा महिला अधिकृत सहित महिला विकास कार्यालय स्थापना भए । नेपालको दशौं योजनाले महिला र अन्य पिछडिएका वर्ग र जातजातीको लैङ्गिक मूल प्रवाहिकरणलाई बिकासको अवधारणाको रुपमा लिई महिलातर्फ निश्चित उद्देश्यका रुपमा लैङ्गिक विकास र लैङ्गिक सशक्तिकरणका परिमाणात्मक लक्ष्य तोकी नीति निर्माणमा महिला प्रतिनिधित्व ३३ प्रतिशत पुऱ्याउने लक्ष्य राख्यो । नेपालको संविधान २०४७ संशोधन गरी महिलाको गर्भपतन सम्बन्धी हक र पैतृक सम्पत्तिमा समान हक सुनिश्चित गरियो । नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक विभेदको अन्त्य गरी महिलाका लागि सम्पत्तिमा समान हक र प्रजनन् सम्बन्धी हक सुनिश्चित गऱ्यो । महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाका लागि विशेष व्यवस्था गर्ने नीति अंगीकार गऱ्यो । पञ्चवर्षीय योजनाहरूमा महिला र अन्य पछाडि पारिएका जातजातिको लैङ्गिक मूल प्रवाहीकरणलाई विकासको अवधारणाको रूपमा लिई लक्ष्य र कार्यक्रमहरू निर्माण गरिएका छन् । पन्ध्रौं पञ्च वर्षिय योजनाले देशलाई सम्मुन्नत मुलुकको सूचीमा पुऱ्याउने दीर्घकालिन सोच राखेको छ । नागरिकका विकास र समृद्धिको अपेक्षा सम्बोधन गर्न लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिला, बालबालिका तथा किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको सम्मानित जीवनयापनको बातावरण सुनिश्चित गर्ने उद्देश्य राखी योजना निर्माण गरेको छ । महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्दै आर्थिक समृद्धि तथा दिगो विकासका लागि महिला तथा सीमान्तकृत समुदायको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच र उपभोग सुनिश्चित गर्नु पर्नेमा जोड दिएको छ ।

संविधानद्वारा प्रदत्त हक अधिकारहरु सुनिश्चितताका लागि स्थानीय तह देखि प्रदेश तथा संघमा विभिन्न नीति, कानुन, कार्यविधि तथा आवधिक योजना/कार्यक्रमहरु निर्माण भइरहेका छन् । लैङ्गिक समानता समावेशिकरण नीतिलाई कार्यान्वयन गर्न कानूनी रुपमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग दलित आयोग, मधेषी आयोग, मुश्लिम आयोगको व्यवस्था भएको छ । यसैगरि युवाको हकहितको संरक्षण सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि राष्ट्रिय यूवा परिषद ऐन २०७२, बालबालिका सम्बन्धी ऐन २०७५, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागू भएका छन् । महिलामाथि हुने विभेद तथा हिंसाको अनेक स्वरुप र प्रकृतिहरुलाई सम्बोधन गर्न नेपालको मुलुकी ऐन २०२० लाई २०७५ भदौबाट अन्य ऐनहरुद्वारा प्रतिस्थापन गरि मुलुकी अपराध (संहिता) ऐन, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४; फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४; मुलुकी देवानी (सहिता) ऐन २०७४ र मुलुकी देवानी (संहिता) ऐन २०७४, लागू गरिएको छ । यसै गरि अपराध पिडीत संरक्षण ऐन २०७५, कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन २०७१, घरेलु हिंसा (कसुर र सजाय) ऐन, तथा नियमावली, २०६६, बोक्सी आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२; सुरक्षित मातृत्व तथा प्रजनन

स्वास्थ्य अधिकार ऐन २०७५, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केहि नेपाल ऐनलाई संसोधन गर्ने ऐन २०७२, राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, अपाङ्गता सम्बन्धी १० बर्षे राष्ट्रिय नीति तथा कार्ययोजना लगाएत विभिन्न नियमावली तथा निर्देशिका र कार्ययोजनाहरु निर्माण भएका छन् ।

**३. गोडैता नगरपालिकाको परिचय :**




गोडैता नगरपालिका प्रदेश २ को सर्लाही जिल्लाको मध्यपश्चिमदेखि दक्षिणी सिमानामा अवस्थित छ । २०७३ सालमा गठन भएको यस नगरपालिकालाई १२ वटा वडामा विभाजन गरिएको छ ।गोडैता, मधुवनी, बहादुरपुर, बेल्वा जब्दी, भगवतीपुर, रोहुवा, रामवन, बगदह र सिसौटिया मिलेर बनेको यो नगरपालिकाले सर्लाही जिल्लाको ४८.०७ वर्ग किलोमिटर भूभाग ओगटेको छ ।नगरपालिकाको पूर्वी सिमानामा चक्रघट्टा गाउँपालिका, कौडेना नगरपालिका र विष्णु गाउँपालिका पर्दछ भने पश्चिम सिमानामा बलारा नगरपालिका, रामनगर गाउँपालिका र धनकौल गाउँपालिका पर्दछ । यसैगरी उत्तरी सिमानामा बसबरिया गाउँपालिका र दक्षिणमा छिमेकी राष्ट्र भारत पर्दछ । सर्लाही जिल्लाको सदरमुकाम मंलगवाबाट ११ किलोमिटरको दूरीमा रहेको गोडैता नगरपालिकाभित्र कुशवाहा/महतो/कोइरी, यादव/राय, मुस्लिम, धानुक, सुँडी, खत्वे, पासमान/चमार/राम, तेली, कूर्मी, कुम्हार, नुनिया, मुसहर, डोम, केवट, मल्लाह, लहेरी, भाट, गिरी/सन्यासी, तत्मा, कल्वार, कायस्थ, राजपूत, भूमिहार, हजाम, लोहार, कुम्हार, शर्मा मुसलमान, ब्राह्मण, लगायतका जातजातिहरू बसोबास गर्दछन् । यस नगरपालिकामा मुख्यगरी बज्जिका, उर्दू, मैथिली, भोजपुरी भाषाहरू बोलिन्छन् भने दशैं, दीपावली, माघे संक्रान्ती, जुठसित्तल, छठ पर्व, श्रीपञ्चमी, रामनवमी, शिवरात्री, रमजान, मोहरम, बकरइद, जितिया, सामाचकेवा, होली लगायतका पर्वहरू प्रमुख चाडपर्वका रूपमा मनाइन्छन् ।

२०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको कूल जनसंख्या जम्मा ४२,३१५ रहेको छ, जसमा २०,६३० महिलार २१,६८५ पुरुषको जनसंख्या रहेको छ । नगरपालिकामा जम्मा ७ हजार २ सय ८१ घरधुरी रहेका छन् । लैंगिक तथा यौनिक अल्पसंख्यकको सवालमा काम गर्ने एक गैरसरकारी संस्थाका अनुसार यस नगरपालिका भित्र २२५ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु रहेका छन् । नगरपालिकाभित्र २५ वटा सामुदायिक विद्यालयहरू रहेकाछन् । प्राविधिक शिक्षा सञ्चालन, नमुना विद्यालय संचालनका साथै सञ्चालित विद्यालयहरूको भौतिक तथा शैक्षिक गुणस्तरमा जोड दिइरहेको गोडैता नगरपालिकाले समय अनुसार शैक्षिक गतिविधिमा सुधारका लागि शिक्षा नियामावली नै कार्यान्वयनमा ल्याएको छ । यसैगरी हाल नगरपालिकामा ९ वटा स्वास्थ्य चौकीहरू र ३ वटा सामुदायिक स्वास्थ्यकेन्द्रहरु रहेका छन् । गुणस्तरीय स्वास्थ्य सेवामा सबै

नागरिकको पहुँच पुऱ्याई स्वस्थ र सुखी समाज निर्माण गर्ने उद्देश्य राखी नगरपालिकाले स्वास्थ्य नीति निर्माण गरी कार्यान्वयन गरिरहेको छ । स्वास्थ्य क्षेत्रको पूर्वाधारनिर्माण तथा स्तरोन्नतिका लागि नगरपालिकाले आवश्यक बजेट विनियोजन गरी कार्य गरिरहेको छ । कृषि यस नगरपालिकाको मुख्य पेशाको रूपमा रहेको छ । मूख्य वालीहरुमा उखु, धान, गहुँ, मकै रहेका छन् । पालिका भित्र कृषियोग्य भूमी भए अनुसार त्यसबाट अतिरिक्त आम्दानी भने गर्न सकेको छैन । कृषि पेशालाई आधुनिकीकरण गरी व्यावसायिकीकरण गर्न कृषकहरुलाई सिंचाई लगाएतका प्रबन्धहरु व्यवस्थापनका लागि नगरपालिकाले अनुदान वितरण तथा विभिन्न कार्यहरु गरिरहेको छ । नगरपालिका भित्र चिनी मिलको संचालन गर्ने तयारी भइरहेको छ ।कृषि उत्पादनको व्यवसायीकरण सम्बन्धी नीतिगत व्यवस्था गरि कार्य गर्ने योजना गोडैता नगरपालिकाको रहेको छ ।

**नाम तथा परिभाषाः**

**नाम र प्रारम्भ :** यस नीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८" रहनेछ। यसको प्रारम्भ स्थानीय सरकार (नगरपालिकाले नगरसभा वा नगरकार्यपालिकाबाट पास गरी राजपत्रमा प्रकाशन गरे पश्चात्) ले स्वीकृति गरेको मितिदेखि लागू हुनेछ ।

परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा :

क) "नीति" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ सम्झनु पर्दछ ।

ख) "स्थानीय तह" भन्नाले नगरपालिका, वडा कार्यालय र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले गोडैता नगरपालिका, सर्लाही सम्झनुपर्दछ ।

घ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका योजनाहरूको संयोजित रूप सम्झनु पर्छ ।

ङ) "योजना" भन्नाले समग्रमा नगरपालिकाले तयार गरेको स्थानीय तहको आवधिक योजना, वार्षिक योजना, गुरुयोजना, रणनीतिक योजना, एकीकृत शहरी विकास योजना आदि सम्झनुपर्छ ।

च) "खण्डिकृत तथ्याङ्क" भन्नाले महिला तथा पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यकहरु, जातीय समूह, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा अन्य वञ्चित समूहका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क भन्ने बुझ्नुपर्दछ ।

छ) "लिङ्ग" भन्नाले जैविक रुपमा निर्धारण गरिएको महिला र पुरुषको विशेषता

ज)"लैङ्गिक" भन्नाले समाजबाट निर्मित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको भूमिका एवं पहिचानका साथै उनीहरु बिचको सामाजिक सम्बन्धलाई सम्झनु पर्दछ ।

झ) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

ञ)"पछाडि पारिएको समुदाय" भन्नाले समाजमा लामो समयदेखि विकास र अवसरबाट वञ्चितीकरणमा परिएका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, मधेसी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्यसंख्यकहरू भन्ने बुझ्नुपर्दछ ।

ट)"लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

ठ) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले"लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

ड) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ

ढ) "समाजिक समावेशीकरण" भन्नाले समाजका सम्पूर्ण वर्ग, लिङ्ग र जातजाति एकै थलोमा जम्मा भई आफू र आफ्नो समुदायको विकास गर्न सङ्गठित, समानुपातिक, समावेशी साथै सक्रिय रूपमा सहभागी हुने र उपलब्ध स्रोत, साधन, सेवासुविधा र अवसरहरूको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अवस्था भन्ने बुझ्नुपर्दछ ।

ड) "सामाजिक न्याय" भन्नाले लामो समयदेखि पछाडि पारिएको, अधिकारबाट वञ्चित गरिएको समुदाय वा आवश्यकतामा परेका व्यक्ति, समूहलाई विशेष अवस्था गरेर अगाडि लैजाने प्रक्रियाभन्ने बुझ्नुपर्दछ ।

ढ) "समृद्धि" भन्नाले दिगो आर्थिक विकासको साथै आर्थिक रूपमा सम्पन्न, आत्मनिर्भर, विभेदको अन्त्य, सबै सफल, खुसी, स्वस्थ, शान्त र सुखी भएको वा हुन सक्ने अवस्था वा आधारभूत आवश्यकता पूरा भएको अवस्थालाई बुझ्नुपर्दछ ।

## ४. विद्यमानस्थिति :

नेपालको संविधानको धारा २६९ को उपधारा (१) बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी भएको संवैधानिक व्यवस्था कार्यान्वयन गर्न लोकतन्त्रको लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासका लागि स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ र संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएको छ । स्थानीय तह प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने संवैधानिक प्रावधान अनुरूप स्थानीय तहमा न्याय सम्पादन गर्ने जिम्मेवारी महिलाहरूले सम्हालिरहेका छन् । यसैगरी स्थानिय तहमा मेलमिलाप समिति, टोल बिकास संस्था, उपभोक्ता समूहहरु गठन भई क्रियाशील रहदैं आएका छन् । संविधानको धारा १२७ (२) मा व्यवस्था भए अनुरूप न्यायिक समितिको गठन भएको छ । न्यायिक समितिले स्थानीय स्तरमा हुने विवादहरू, खासगरी देवानी प्रकृतिका मुद्दाहरूका साथमा महिला हिंसाका विषयहरू निरूपण गर्ने संवैधानिक अधिकार प्राप्त गरेको छ । हिंसा प्रभावितहरुको न्यायमा पहुँच बृद्धि गरि सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चितताका लागि विभिन्न जिल्लामा हिंसा प्रभावित तथा मानव बेचबिखन प्रभावितहरुका लागि सेवा केन्द्र तथा पुनःस्थापना केन्द्र,७७ वटै जिल्लामा अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना भई सञ्चालनमा रहेका छन् ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को वडा समितिको काम कर्तव्य र अधिकार ग.(३०) विकास कार्य अन्तर्गत वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका महिला, बालबालिका, जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक,

सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक विकासको लागि काम गर्ने र ग.(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, लगायत बालश्रम, मानव बेचबिखनको अन्त्य गर्ने/गराउने, कार्य गर्ने जिम्मेवारी स्थानीय सरकारलाई तोकी स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वडास्तरबाट महिला तथा पछाडि पारिएको समूह, समुदायको सहभागितामा तयार गर्ने र उनीहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनोटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रबर्द्धन गर्न समेत जोड दिएको छ ।

**प्रदेश २ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको वर्तमान अवस्था :**

प्रदेश नं. २ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा विश्लेषण गर्दा यस प्रदेशको कुल जनसंख्या ५,४०४,१५४ रहेको छ, जसमा महिलाको जनसंख्या ५२.४ प्रतिशत रहेको छ । सन् २०११ को जनगणना अनुसार प्रदेश नं. २ को साक्षरतादर करिब ५० प्रतिशत रहेको छ । ती मध्ये पुरुष ६० प्रतिशत र महिला ३९ प्रतिशत साक्षर रहेका छन् ।राष्ट्रिय जनसाङ्ख्यीक सर्वेक्षण २०७६ अनुसार "९० प्रतिशत महिलाहरु २० बर्षको उमेर पुग्दा विवाहित भैसकेका हुन्छन् भने ६२ प्रतिशत महिलाहरुले पहिलो सन्तान जन्माइसकेका हुन्छन् । घरमूली महिलाको दर १४ प्रतिशत मात्र रहेको छ भने प्रदेशको महिलाको कूल जनसंख्या मध्ये करिब एक तिहाई महिलाहरुले शारीरिक हिंसा भोगिरहेका छन् । गर्भवती अवस्थामा समेत करिब १० प्रतिशत महिलाले हिंसा भोगिरहेको अवस्था छ ।यस प्रदेशमा विभिन्न ११९ जातजाति वसोबास गर्दछन् । ती मध्ये यादव (१५ प्रतिशत), मुसलमान (११.६ प्रतिशत), थारु (५.३ प्रतिशत), तेली (५.१ प्रतिशत) र कोइरी/कुशवाहा (४.६ प्रतिशत) प्रमुख जातजाति रहेका छन् ।" स्थानीय सामाजिक संस्था, समिति र सामुदायिक बैठकहरूमा महिलाको जनसहभागिता हेर्दा यस प्रदेशमाकुल जनसंख्याको १५ प्रतिशत महिलाको मात्र सहभागिता रहेको देखिन्छ । यसबाट प्रदेश २ का महिलाहरू घरायसी कार्य र पारिश्रमिकबिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको देखिन्छ । सामुदायिक सेवा र सहभागितामा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको स्थिति देखिन्छ । प्रदेशमा जातीय छुवाछुत सामाजिक कुसंस्कारको रूपमा रहेको छ भने महिलाको शिक्षामा न्यून पहुँच रहेको अवस्था छ । प्रदेशमा रहेका यी सवालहरूलाई सम्बोधन गर्न प्रदेश सरकारले नेपालको संविधान २०७२ को धारा २४ मा रहेको छुवाछुत तथा भेदभाव विरुद्धको मौलिक हकलाई आत्मसात गर्दै दलित समुदायको राजनीतिक, नागरिक, शैक्षिक, सामाजिक-सांस्कृतिक अधिकार प्रवर्द्धन तथा दलित समुदायको सशक्तीकरण गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न दलित सशक्तीकरण ऐन २०७६ जारी गरेको छ । ऐनले नि:शुल्क शिक्षा, रासन कार्डको व्यवस्था, सशक्तीकरणका कार्यक्रमका साथै समानुपातिक समावेशीको पालनाका लागि दलित सिटमध्ये ५० प्रतिशत दलित महिलाको लागि व्यवस्था गर्ने स्पष्ट उल्लेख गरेको छ । समाजमा रहेको यो कुसंस्कारको विरुद्धमा सशक्त अनुगमनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा अनुगमन समितिको व्यवस्था गरेको छ । यसैगरी बालबालिकाको हक अधिकारको सम्बर्द्धन, संरक्षण एवं परिपूर्ति गर्दै सबै बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवं भावनात्मक विकासगरी सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकूल कानूनी व्यवस्था गर्न प्रदेश बालअधिकार सम्बन्धी ऐन २०७७ जारी गरेको छ । ऐनले प्रदेशमा सामाजिक विकास मन्त्री र स्थानीय तहमा जिल्ला समन्वय समिति प्रमुख अध्यक्ष हुनेगरी प्रदेश र स्थानीय तहमा बालअधिकार समितिको व्यवस्था समेत गरेको छ । प्रदेशको प्रथम आवधिक योजना आ. व. २०७६/७७ – २०८०/८१ को आधारपत्रले लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने क्षेत्रगत सोच राखी विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य लिएको छ ।प्रदेश २ को सरकारले विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबीचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले मुख्यमन्त्रीको संयोजकत्वमा बेटी पढाऊ, बेटी बचाऊ अभियान, छोरी शैक्षिक-बिमा कार्यक्रमसञ्चालन गरिरहेको छ । यसले छोरीको शिक्षामा उल्लेखनीय प्रभाव पारेको देखिन्छ । प्रदेश प्रहरी सहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षण सहित दलित, मुस्लिम, जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ ।

यसैगरी प्रदेश सरकारले लैङ्गिक समनता नीतिको मस्यौदा तयार गरी प्रदेश सभामा लाने तयारी पनि गरिरहेको छ ।

**गोडैता नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको वर्तमान अवस्था :**

नेपालमा कुल जनसंख्याको २८.६ प्रतिशत मानिसहरूगरीब रहेको तथ्यांकले बताउँछ । त्यसमा महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत एवं पछाडि पारिएका वर्ग तथा समुदायको बाहुल्यता रहेको छ । हाम्रो समाजमा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र पुरुष, दलित र गैरदलित, धनी र गरीबसमूहका बीच शिक्षा, स्वास्थ्य लगायत रोजगार, अवसर, सहभागिता तथा अन्य सेवाको उपभोग र स्रोतमाथिको पहुँचमा असमानता र विभेद यथावत नै छ । गोडैता नगरपालिकामा कुल जनसंख्याको करिब ४९ प्रतिशत जनसंख्या महिलाको रहेको छ । नगरपालिका भित्र स्वास्थ्य सेवा प्रवाहका लागि चिकित्सक १ जना, मध्यमस्तरिय स्वास्थ्यकर्मी ५७ जना र महिला स्वास्थ्य स्वयंसेविका ९२ जना सेवारत रहेकाछन् ।नगपालिकामा रहेका १२ वटा स्वास्थ्य केन्द्रहरुबाट आर्थिक वर्ष २०७७/०७८ मा ३३,८१५ जनाले सेवा पाएको देखिन्छ, जसमध्ये १७,३१४ महिला र १६,५०१ पुरुष रहेकाछन् । वि. सं २०७४ बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा नगरपालिकाको उपाध्यक्षसहित २५ जना महिलाहरू जनप्रतिनिधिमा निर्वाचित भई जिम्मेवारी सम्हालीरहेकाछन् । नगरपालिकाले सामाजिक सुरक्षा कार्यक्रम मार्फत बार्षिक रुपमा ८६५७ जना विभिन्न अवस्थामा महिला, पुरुष, बालबालिकाहरुलाई सहयोग गरिरहेको छ । जसलाई टेवलमार्फत हेर्न सकिन्छ ।

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | जेष्ठ नागरिक | २२९८ |
| २. | बिधवा | ४०९ |
| ३. | जेष्ठ दलित | ३६५ |
| ४. | जेष्ठ एकल महिला | २९७ |
| ५. | पूर्ण अपाङ्गता | ११६ |
| ६. | अति अशक्त अपाङ्गता | २६९ |
| ७. | क्षेत्र तोकिएका बालबालिका | ४१४३ |
| ८. | दलित बालिका | ७५३ |

सामाजिक सुरक्षा सहयोग कार्यक्रमले करिब पाँचहजारको संख्यामा बालबालिकाको शिक्षा प्राप्तीमा प्रतक्ष्य सहयोग गरेको छ भने ३८५ जना अपाङ्गता भएका व्यक्तिहरु र ३३६९ जना जेष्ठ नागरिक र एकल महिलाहरु यसबाट लाभान्वित भएको अवस्था छ । नगरपालिकाले बेरोजगारहरूका लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी गराई नगरपालिकाका अति विपन्न समुदायलाई सय दिनको रोजगारी, दलित समुदायको ५ वर्षमुनिका बालबालिकाको लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था, महिलाहरूको घरेलु तथा साना व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिमहरू, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिकहरू, विधवा तथा एकल महिलाहरूको समयमा नै नेपाल सरकारबाट पाउने सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरी सेवा तथा सहयोगका कार्यक्रमहरू गरिरहेको छ ।यस नगरपालिकामा लैङ्गिक विभेदमा आधारित हिंसा र यसबाट सृजित समस्याहरू व्यापक रूपमा रहेका छन् । घरेलु हिंसा, बालविवाह, बहुविवाह, दहेज प्रथा, जातीय

छुवाछुत, बाल श्रम, आर्थिक क्रियाकलापमा महिलाहरूको संलग्नता अत्यन्तै न्यून हुनु मुख्य समस्याका रूपमा रहेका छन् भने मुस्लिम समुदायमा सार्वजानिक शिक्षा, परिवार नियोजनको साधन प्रयोग गर्नबाट बन्देज, महिलाहरूलाई घरबाहिर काम गर्ने स्वतन्त्रता नहुनु जस्ता कार्यले अझ जटिल परिस्थिति रहेको देखिन्छ । घरपरिवारले जेष्ठ नागरिकहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई माया तथा सम्मानजनक व्यवहार नगर्नु, परिवार तथा समाजमा अपाङ्गता मैत्री व्यवहार नहुनु साथै उनीहरूलाई बोझको रूपमा व्यवहार गरिन्छ । समाजमा जातीय छुवाछुत यथावत छ । दलित समुदायमा शिक्षा, स्वास्थ्य र गरीबीको नाजुकअवस्था रहेकोछ । पालिकाका यी सबै समस्याहरू सम्बोधन गर्न गोडैता नगरपालिकाले **कृषि, स्वास्थ्य, शिक्षा तथा रोजगार, गोडैता नगरपालिकाको समृद्धिको आधार** भन्ने दूरदृष्टिका साथ नगर विकासको खाका कोरेको छ ।नगरपालिकाको यो दीर्घकालिन सोच पुरा गर्न समुदायमा रहेका महिला तथा पछाडि पारिएको वर्ग तथा समुदायको समग्र अवस्थामा पनि परिवर्तन आउन आवश्यक हुन्छ । नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि विगत वर्षदेखि नै केही पहल भने गरिरहेको देखिन्छ । पालिकाले अपाङ्गता भएका व्यक्तिहरूको लागत तयार गरेको छ । नेपाल सरकारकोयससम्बन्धी बनेका नीति तथा कार्ययोजना र आवधिक विकास योजनाहरूका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराइनुपर्ने सेवासुविधाहरू व्यवस्थित रूपमा प्रदान गर्न अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका २०७५ जारी गरेको छ । यसैगरी गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच र उपभोग सुनिश्चित गरी स्वास्थ्य र सुखी समाज निर्माणका लागि गोडैता नगरपालिकाको स्वास्थ्य नीति तथा पञ्च वर्षिय (२०७७/०७८–२०८०/०८१) रणनीतिक योजना निर्माण गरेको छ । शिक्षाको गुणस्तरीयताको लागि शिक्षा नीति निर्माण गरेको छ ।नगरपालिकाको आवश्यकता प्राथमिकीकरण गरी वार्षिक रूपमा कार्यक्रम तथा बजेट व्यवस्थापन गर्ने गरेको छ ।

## ५. नगरपालिकाको विद्यमान समस्या, चुनौती र अवसर

**समस्या :**

लैङ्गिकविभेदमा आधारित हिंसा, बेचबिखन तथा ओसारपसार, सांस्कृतिक तथा रूढिवादी परम्परागत रूपमा रहेका खराब अभ्यासहरूले समाज जकडिएको छ ।लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी प्रदेश २ मा विविध समस्याहरू रहेका छन् । विशेषगरी यस प्रदेशमा महिलाहरूको शिक्षा तथा स्वास्थ्यमा पहुँच न्यून हुनु, पहुँच भएता पनि गुणात्मक शिक्षा सेवा प्राप्त नहुनु, शिक्षाको पहुँचका सवालमा पनि छोरा र छोरीबीच भेदभाव, महिला स्वास्थ्य सेवामा सहज पहुँचको अभाव, बालविवाह, बहुविवाह, दाइजो प्रथा, दाइजोका कारण महिलामाथि हुने हिंसा, घरेलु हिंसा, लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउने, यौनजन्य हिंसा, बोक्सी आरोप, सम्पत्तिबाट वञ्चित, जातीय, छुवाछुत, मानव बेचबिखन तथा ओसारपसार, एसिड आक्रमण, विद्युतीय हिंसा, बलात्कार गरी हत्या, आत्महत्या लगायत महिला विरुद्ध संरचनात्मक लैङ्गिक हिंसाहरू व्याप्त रहेको देखिन्छ । सर्लाही जिल्लमा संचालित एकद्वार संकट व्यवस्थापन केन्द्रको विगत दश महिनाको तथ्यांक अनुसार यस पालिकामा ६ वटा लैंगिक हिंसाका घटनाहरु उजुरी भएको अवस्था छ । उजुरी भएका सबै घटनाहरु बलात्कार र बलात्कारको प्रयास रहेको छ । कोभिड महामारी सुरु भए पछि गरिएको एक अध्ययन अनुसार सर्लाहीजिल्लामा कोभिड सुरु हुनु भन्दा अगाडी ४१ जनाले आत्महत्या गरेको तथ्यांक रहेकोमा कोभिडको समयमा सो तथ्यांक बढेर ४९जना पुगेको छ । नेपाल प्रहरीको तथ्यांक अनुसार सर्लाही जिल्लाको विगत २ बर्ष (२०७६ श्रावण देखि २०७८ श्रावण) मा भएको आत्यहत्याको अवस्थालाई हेर्दा सबै भन्दा बढी किशोर किशोरी उमेर समूहका ५४किशोरी र १० किशोर रहेका छन् भने १८ वर्ष भन्दा माथिका ४० जना महिलाहरु र १ जना जेष्ठ नागरिकले आत्महत्या गरेरको तथ्याङ्क रहेको छ । यसले समुदायमा मानसिक स्वास्थ्यको सवाल जटिल रहेको देखाउँछ । यसैगरी, कृषि मजदुर तथा निर्माण कार्यमा संलग्न

महिलाहरुलाई समान कामको समान ज्याला नदिइनु, भूमिमा महिलाको स्वामित्वको अभाव, अन्य स्रोत र साधनमा महिलाको समान पहुँच नहुनु, लगायतका सवालहरू समेत अझै समाजमा व्याप्त छन् । नीति निर्माण तहमा महिलाहरूको सहभागितामा वृद्धि भएता पनि महिलाहरूले स्वतन्त्र रूपमा आफ्ना अधिकारहरू प्रयोग गर्न सक्ने सामाजिक र राजनीतिक वातावरणको अभाव हुनु साथै समाजलेमहिलाको निर्णायक भूमिकालाई स्वीकार गर्न नसक्नु पनि समाजमा व्याप्त विभेदको महत्त्वपूर्ण समस्याको रुपमा रहेको छ ।

गोडैता नगरपालिकामा महिला तथा पछाडि पारिएको समुदाय विविध समस्याहरूको सामना गरिरहेको अवस्था छ । खास गरी मधेसी तथा मुस्लिम समुदायका महिलाहरू घरपरिवारभित्र पनि स्वतन्त्र रूपमा बोल्न र बाँच्न पाइरहेको अवस्था छैन । समाजमा छोरीको शिक्षालाई प्राथमिकता दिइँदैन । किशोरीहरू बीचमा नै पढाइछाड्न बाध्य छन् । नगरपालिकामा महिला तथा किशोरीहरूको बालबिवाह, जबरजस्ती विवाह, दहेज, बोक्सीको आरोप, चारित्रिक आरोप, बलात्कार, हत्या जस्ता संरचनागत हिंसाहरू व्याप्त छन् ।यस पालिकामा बोलिचालिको प्रमुख भाषा बज्जिका रहेको छ, तर समुदायमा हुने शैक्षिक गतिबिधिहरु, आम सचेतिकरणका गतिबिधिहरु, बढी नेपाली भाषामा संचालित हुदा दोहोरो छलफल तथा संचारमा हुने कठिनाईले पनि महिला तथा पछाडी पारिएका समुदायको सशक्तिकरणमा बाधा पुऱ्याएको अवस्थाछ । मुस्लिम समुदायका महिलाहरू संस्कार तथा धर्मका नाममा गरिएका गलत विश्वास र अभ्यासका कारण बाल विवाह, बहुबिवाह, परिवार नियोजनको साधन प्रयोग गर्न नहुने जस्ता गलत विश्वासका कारण वर्षेनि बच्चा जन्माउनुपर्ने बाध्यता, तीन तलाक, जस्ता गलत अभ्यासको चपेटामा बाँच्न विवश छन् । मुस्लिम महिलाहरूकोमदरसामा हुने धार्मिक शिक्षा बाहेक विद्यालय शिक्षा तथा उच्च शिक्षामा न्यून पहुँच रहेको अवस्था छ । महिलाहरूलाई घरभित्र सिमित गरिएको छ । महिलाको सेवामूलक कामको मूल्यांकन नहुनु,निर्णायक तहमा महिलाको न्यून सहभागिता हुनु, महिला तथा पछाडि पारिएका समुदायको आर्थिक सवलिकरण हुन नसक्नु, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकहरू परिवारले बोझको रूपमा लिनु, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई परिवार र समाजले स्वीकार गर्न नसकेको अवस्थामा अपहेलित भएर बाँच्नु परेको अवस्था छ । दलित समुदाय. जातीय छुवाछुत जस्तो अमानविय व्यवहारका कारण सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा अपहेलित छन् । समाजमा बाल श्रम यथावत छ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतपछाडि पारिएको समुदायको खण्डिकृत तथ्यांक व्यवस्थित नहुनु।महिला तथा पछाडि पारिएका समुदायप्रति उत्तरदायी बनाउन तथा स्थानीय स्तरमा कानूनी तथा नीतिगत व्यवस्था, कार्ययोजना तथा कार्यक्रमको तर्जुमा तथा स्रोत र साधन परिचालनमा प्रदेश, संघमा सहकार्य र समन्वयमा कमी पनि यस नगरपालिकाको प्रमुख समस्या रहेका छन् ।

**चुनौती :**

समाजमा रहेकोलैङ्गिक विभेद, जातीयविभेद, सामाजिक विभेद र वर्गीय विभेदलाई अन्त्य गर्नु, समाजिक संरचना तथा व्यवहारमा रूपान्तरण गरी व्यक्ति, परिवार र समाजमा रहेको असमान व्यवहार र विभेदको अन्त्य गर्नु, पुरुष लिङ्गलाई समाजमा बढी मान्यता दिएका कारण अंश र वंशको रूपमा छोरीलाई स्वीकार गर्न नसक्नु, वंश धान्नलाई छोराको चाहनामा पटक पटक छोरी भ्रूणकोपहिचान गरी गर्भपतन गराउन बाध्य पारिनु जस्ता सामाजिक धारणा र व्यवहारहरू चुनौतीको रूपमा रहेका छन् ।

समाजमा महिलालाई हेर्ने परम्परागत विभेदकारी दृष्टिकोण तथा पित्तृसत्तात्मक सोचका कारण सामाजिक र राजनीतिक क्षेत्रका सार्वजनिक ओहदाहरूमा महिलाको भूमिकालाई सम्मान तथा स्वीकार गरी नेतृत्व वृद्धि गर्नु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई कार्यान्वयन गरी लैङ्गिक समानता तथा समावेशीकरणका सवालमा सामाजिक रूपान्तरण गर्नु, महिला तथा किशोरीमाथिको घरेलु हिंसा, हत्या तथा आत्महत्याका घटनाहरू

अन्त्य गर्नु, सामाजिक तथा सांस्कृतिक परम्पराको नाममा समाजमा भएका कुप्रथा बालविवाह, जातीय छुवाछुत, दाइजो तथा तिलक प्रथाको अन्त्य गर्नु समाजिक चुनौतीको रूपमा रहेको छ ।

संवैधानिकरूपमा व्यवस्था भएको महिला तथा पछाडि पारिएको समुदायको अधिकार सुनिश्चितताका लागि स्थानीय तहको योजना निर्माण तथा कार्यान्वयनमा लैङ्गिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गर्नु, योजना निर्माण तथा कार्यान्वयनमा विकास र अवसरबाट पछाडि पारिएको लिङ्ग, वर्ग तथा समुदायको पहुँच वृद्धिका लागि सामाजिक समावेशीकरणक सम्बन्धी नीतिलाई व्यवहारिक तथा परिणाममूखि रूपमा कार्यान्वय गर्ने जस्ता कार्यहरू नीतिगत रूपमा चुनौतीपूर्ण देखिएको छ । करिब दुई वर्षदेखि संसारभर महामारीको रूपमा फैलिएको **कोभिड-१९** को प्रत्यक्ष प्रभावनेपालले पनि भोग्दै आइरहेको छ । संक्रमण फैलिन नदिनका लागि सुरु गरिएको बन्दाबन्दीसँगै विभिन्न हिंसा, मानसिक असर, आत्महत्याका घटनाहरू बढ्दै गएका छन् यसको प्रभाव सबैमा परेको भएता पनि बढी असर महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्तिहरू र जेष्ठ नागरिकहरू, विपन्न तथा दलितहरूमा परेको छ । यो परिस्थितिमा नगरपालिकाले लैङ्गिक समानता तथा समावेशिताको अवधारणा अनुरूप प्रभावकारी काम गर्न थप चुनौती रहेको छ ।

**अवसर :**

नेपालको संविधान २०७२ लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि एक महत्वपूर्ण कोशेढुङ्गा हो । यसले समाजका महिला तथा पछाडि पारिएका वर्ग तथा समुदायको समान अधिकारको प्रत्याभूत गरेको छ ।लैङ्गिक तथा जातिय कुनैपनि किसिमको भेदभावलाई प्रतिबन्ध गरेको छ । महिलाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरि समान बंशको अधिकारलाई स्थापित गरेको छ । यसैगरी सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको अधिकार, राज्यको सबै निकायमा सहभागी हुन पाउने अधिकार, सम्पत्ति र पारिवारिक लाभको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरीमहिला बिरुद्ध हुने हिंसालाई कानूनद्वारा दण्डनिय बनाएको छ । समानताको अधिकारले सामाजि वा साँस्कृतिक रुपमा पछाडि पारिएको व्यक्तिहरुको संरक्षण, सशक्तिकरण र बिकासका लागि कानूनद्वारा विशेष प्रावधानहरुलाई विस्तृत व्याख्या गरेको छ । दलितको हक, जेष्ठ नागरिकको हक, बालबालिकाको हक, स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा जस्ता हकहरू मौलिक हकको रूपमा व्यवस्था भएको छ । सामाजिक न्यायको अधिकारले समाबेशि र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा राज्यका हरेक संरचनाहरुमा सहभागिताको अधिकारको सुनिश्चितता गरेको छ ।

प्रदेश २ को सरकारले बालबालिकाको अधिकारको सम्बर्द्धन, संरक्षण, प्रबर्द्धन र परिपूर्ति गर्दै सबै बालबालिकाको शारिरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवं भावनात्मक विकास गरी सर्वोत्तम हित सुनिश्चित गर्न प्रदेश बालअधिकार सम्बन्धी ऐन २०७७ जारी गरेको छ । यसै गरि समाजमा छोरा र छोरी बीचमा रहेको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले बेटी पढाऊ, बेटी बचाऊ अभियान, छोरी-शिक्षा बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ । यसले बालिका तथा किशोरीहरुको शिक्षामा उल्लेख प्रभाव पारेको देखिन्छ ।समाजिक कलंकको रुपमा रहेको जातीय छुवाछुत अन्त्यको लागि दलित सशक्तीकरण ऐन २०७६ को व्यवस्था, जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न जेष्ठ नागरिक सम्बन्धी कार्यविधि प्रदेश सरकारका प्रमुख नीतिगत व्यवस्थाहरू हुन् । संघ तथा प्रदेश तहमा निर्माण भएका नीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयन स्थानीय तहको लागि अवसरको रूपमा रहेको छ ।

लैङ्गिक समानताको वातावरण निर्माण गर्न महिला माथि हुने विभेद तथाहिंसा अन्त्यका लागि शून्य सहनशीलताको सिद्धान्त अवलम्बनको लागि तीनै तहको सरकार लगायत सरोकारवालाहरूको प्रतिबद्धता

रहेकोछ । समाजमा लैङ्गिकविभेद सम्बन्धी चेतनामा केही सकारात्मक परिवर्तनहरु देखिन थालेको छ । विभेद, हिंसा विरुद्ध समाजमा सङ्गठित रूपमा आवाज उठ्न थालेका छन् । महिला तथा समाजमा पछाडि पारिएका समुदायहरू विभिन्न समूह, संस्था, सञ्जालमा सङ्गठित भई आफ्ना हक अधिकार सुनिश्चितताका लागि अभियानरत रहेका छन् । तीनै तहका सरकारको प्राथमिकतामा लैङ्गिक समानता, सामाजिक समावेशीकरण र महिलामाथि हुने हिंसाको अन्त्यका लागि नीति तथा कार्यक्रमहरूको निर्माण कार्यले स्थान पाएको छ । यी महत्वपूर्ण अवसरहरूलाई गम्भीरतापूर्वक अध्ययन, विश्लेषण एवम् सम्बोधन गरी समाधान गर्दै जाने हो भने गोडैता नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि प्रशस्त अवसर रहेको देखिन्छ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता

कुनै पनि व्यक्ति तथा समूहले विभेदरहित वातावरणमासामाजिक, आर्थिक सहित निर्णय प्रक्रियामा समान र अर्थपूर्ण सहभागिता सहित स्वतन्त्र रूपमा समान अधिकार र अवसरको फाइदा उठाउन सक्ने अवस्था लैंङ्गिक समानता हो भने सामाजिक क्रियाकलाप वा विकासको मूलआधारबाट लामो समयदेखि पाखा लगाइएका लिङ्ग, जात, वर्ग, क्षेत्रका सबै नागरिकलाई राज्य सञ्चालन, कानून, नीति, कार्यकम निर्माण तथा योजना तर्जुमा लगायतको प्रक्रियामा समान पहुँच र समान प्रतिनिधित्व गराउने माध्यम सामाजिक समावेशीकरण हो । यसका लागि राज्यका तीनै तहका सरकारले प्राथमिकताका साथ काम गर्ने प्रयास गरिरहेका छन् ।

प्रदेश २ सरकारले समतामूलक समाज निर्माण, समानुपातिक समावेशिता तथा पहिचानमा आधारित समाजवादउन्मुख समृद्ध प्रदेश निर्माण एवम् सन् २०३० अगावै दिगो विकास लक्ष्य हासिल गर्ने लक्ष्य राखेको छ । निश्चित उपलब्धि, निर्धारित समयसीमाभित्र प्राप्त गर्न स्पष्ट रणनीति र त्यसमा आधारित योजना आवश्यक हुन्छ ।सरकारले बनाउने नीति, योजना तथा कार्यकमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरूपस्थानीय तहमा लैङ्गिक समानता तथा समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन नगरपालिकाले आवश्यकता महसुस गरेको छ । यसर्थ आगामी ५ वर्षभित्र गोडैता नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा *"लैङ्गिक समानता र समावेशी समाज, सभ्य र समृद्ध गोडैता निर्माणको आधार"*,भन्ने दिगो सोच लिई निम्न आवश्यकताका साथ यो नीति तयार गरेको छ ।

- संवैधानिकरूपमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नगरिकका दायित्वद्धारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी कानूनी प्रावधानहरूस्थानीय तहमा कार्यान्वयन गर्ने आधार तयार गर्न ।
- समाजमा विद्यमान सबै खाले लैङ्गिक, जातीय, क्षेत्रीय, सामाजिक, आर्थिक विभेदको अन्त्य गर्न ।
- राज्यका सबै संरचनाहरूमा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको उचित प्रतिनिधित्व गराउन, नीतिनिर्माण तहसम्म पहुँच बढाउन र सीमान्तकृत तथा पछाडि पारिएको समुदायलाई विकासको मूलप्रवाहमा समाहित गरी समावेशी राज्य व्यवस्था कायम गर्न ।
- दिगो विकास लक्ष्यले सन् २०३० सम्म निर्धारण गरेका सबै लक्ष्यहरू प्राप्त गर्ने आधार तयार गर्न ।
- लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत रूपमा विकास गर्न ।
- मानवीय तथा अन्य आवश्यक स्रोत साधनको व्यवस्थापन र समुचित प्रयोग गरी दिगो शान्तिसहित समृद्धिप्राप्त गर्न ।
- स्थानीय सरकारले क्षमता र समुदायको आवश्यकताको आधारमा योजनाहरूको प्राथमिकीकरण, योजना तर्जुमा एवं कार्यान्वयन गर्ने आधार तयार गर्न ।
- स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यबिधीलाई आत्मसाथ गरी लैंगिक समानता तथा सामाजिक समाबेशीकरण अवधारणालाई मूल प्रवाहिकरण गर्ने ।

- नगरपालिकाको विद्यमान सामाजिक असमानता र वञ्चितिकरणका कारण सामाजिक विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमा पहुँचको अवस्थाको पहिचान गरी सो अनुरूपकार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन त पुनरावलोकन गर्न ।

यसर्थ यो नीतिलाई स्थानीय सरकारले यथाशीघ्र प्रभावकारी कार्यान्वयनमा लान कार्यविधि त कार्यक्रम तय गरी सम्पूर्ण नगरवासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक बाँच्न जीवनयापन गर्न पाउने अवस्था सिर्जना गर्नेछ ।

## ७.नीति निर्माणका सिद्धान्तहरू

देहायका सिद्धान्तका आधारमा यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरिएको छ

(क) अविभेद

(ख) सारभूत समानता

(ग) कोही पछाडि नछुटून्

(घ) कसैलाइ हानि नपुऱ्याउने

(ङ) शून्य सहनशीलता

(च) अर्थपूर्ण सहभागिता

(छ) सकारात्मक सोच

(ज) लोकतान्त्रिक पद्धति

(झ) प्रभावितको संरक्षण

(ञ) न्यायमा पहुँच तथा द्रूत न्याय

(ट) गोपनीयताको अधिकार

(ठ)साझेदारिता र सहकार्य

(ड) आत्मनिर्भरता

## ८. नीति निर्माण प्रक्रिया :

गोडैता नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गर्ने क्रममा पहिलो चरणमा एकदिने कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा नगर कार्यपालिकाको सदस्यहरू, वडा सदस्यहरू, नगरपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत विषयगत शाखाका कर्मचारीहरू, वडा अध्यक्षहरू, महिला जनप्रतिनिधिहरू, अगुवा महिला, युवा, अपाङ्गता अधिकारमा काम गर्ने संस्थाका प्रतिनिधि, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको प्रतिनिधित्व सहित अधिकारकर्मीहरूको सहभागिता घनीभूत रूपमा छलफल गरिएको थियो। छलफलबाट आएका कुराहरूलाई यो नीति निर्माण गर्ने क्रममा मुख्य आधार बनाइएको छ । यसै गरी नीति निर्माण कार्यलाई प्रभावकारी बनाउन वार्ड अध्यक्षको संयोजकत्वमा महिला, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, युवाहरूको प्रतिनिधित्वमा नगरपालिका स्तरीय कार्य समूह गठन गरी कार्य गरिएको छ । औपचारिक तथा अनौपचारिक रूपमा जनप्रतिनिधि तथा कर्मचारीहरूबाट प्राप्त

सुझावहरूलाई पनि समेट्ने प्रयास गरिएको छ । नगरपालिकाका महत्त्वपूर्ण दस्तावेजहरू (वार्षिक योजना, नीति, निर्देशिका, कार्यविधि, कार्यक्रम, प्रतिवेदन, न.पा.को पार्श्वचित्र) को अध्ययन गरी (नगरपालिकाको आधिकारिक वेभसाइटमा उपलब्ध) आवश्यक सूचनाहरूलाई लिइएको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नेपाल सरकारद्वारा अनुमोदन गरिएका मानव अधिकार सम्बन्धी दस्तावेजहरूको अध्ययन, संघीय सरकार तथा प्रदेश सरकारद्रारा तयार गरिएका ऐन, कानून, कार्यविधि, नीति, रणनीति, योजनासँगै दीगो विकास लक्ष्य, मानव विकास प्रतिवेदन लगायतका दस्तावेजहरूको अध्ययन, विभिन्न स्रोतबाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै नीतिको खाका तयार गरिएको छ । तयार भएको खाकालाई जुमको माध्यमबाट नगरपालिका स्तरीय कार्य समूह, सहयोगी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूबीच छलफल गरी सुझाव संकलन गरिएको छ ।

माथि उल्लेख भएबमोजिमका विधिद्वारातयार पारिएको नीति तथा कार्ययोजना बारे नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी नीतिको मस्यौदालाई अन्तिम रूप दिइएको छ ।

## ९. *लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको दिगोसोच, लक्ष्य, उद्देश्य तथा रणनीतिक उद्देश्यहरु*

**९.१. दिगो सोच** :"लैङ्गिक समानता र समावेशी समाज, सभ्य र समृद्ध गोडैता नगर निर्माणको आधार"

**९.२. लक्ष्य** :

आगामी ५ वर्षभित्र समाजमा पछाडि पारिएका लिङ्ग, वर्ग तथा समुदायको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण सहित समाजमा गुणस्तरीय शिक्षा, रोजगारी, स्वास्थ्य सेवमा पहुँच अभिवृद्धि गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणालाई व्यवहारमा स्थापित गर्ने ।

**९.३. उद्देश्य :**

लैङ्गिक तथा जातीय विभेद, हिंसा, शोषणको अन्त्य, महिला तथा पछाडि पारिएका समुदायको समाजिक, आर्थिक सशक्तीकरण र संरचनागत रूपान्तरण सहित लैङ्गिक उत्तरदायी शासन पद्धतिकोविकासगरी समानता र समावेशी मूल्य-मान्यतामा आधारित कार्यक्रम तथा योजना निर्माण तथा कार्यान्वयनको सुनिश्चितता गर्नु ।

**९.३.१. रणनीतिक उद्देश्य :**

* समाजमा लिङ्ग, जात, वर्ग, धर्म, क्षेत्रका आधारमा हुने सबै किसिमको विभेदको अन्त्यका लागि विद्यमान हानिकारक मूल्यमान्यता, सोच र व्यवहारमा रूपान्तरण गर्न अभियानमूलक गतिविधिहरूसञ्चालन गर्ने ।
* महिला तथा पछाडि पारिएको समुदायको शिक्षा, स्वास्थ्य र आर्थिक समृद्धिका लागि आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जीवनमा नेतृत्वदायी भूमिकाका साथै विकासमा समान सहभागिता, समान प्रतिफल र लाभ उपभोगमा पहुँच वृद्धि गर्ने नीति लिई नेतृत्व विकास र सशक्तीकरणमा जोड दिने ।
* नगरपालिकाको सबै कार्यक्रम कार्यान्वयन तथा योजना निर्माणमा महिला तथा समावेशी समुदायको प्रतिनिधित्व सुनिश्चितताका लागि कायविधि निर्माण गरी सबै विकास साझेदार संस्थाहरूको कार्यक्रमलाई यस अवधारणा अवलम्बन गरी कार्य गर्न निर्देशन दिईलैङ्गिक तथा सामाजिक समावेशीकरणको अबधारणालाई संस्थागत गर्ने ।

* लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकार, विभिन्न आयोग, विकास साझेदार संस्थाहरू, नागरिक समाज, निजी क्षेत्र र अन्य स्थानीय सरोकारवालाहरूसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
* विपद तथा महामारीका समयमा हुने विभेद र हिंसाका सवाल सम्बोधनका लागि नीति तथा कार्ययोजना तयार गर्ने ।

## १०. नीति तथा रणनीतिहरू :

**नीति १. नगरपालिकाले निर्माण गर्ने योजना तथा कार्यक्रमहरूमा विकास र अवसरबाट पछाडि पारिएका लिङ्ग, वर्ग र समुदायका व्यक्तिहरूलाई मुख्य केन्द्रबिन्दुमा राखी सामाजिक समावेशीकरण तथा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरिनेछ ।**

**रणनीति**

१.१. नगरपालिका र नगरपालिका मातहतका सबै कार्यालयहरू, संघसंस्था सहकारी तथा सञ्जालहरू, वित्तीय संस्थाहरू, निजी क्षेत्रहरूले संवेदनशील रूपमा खण्डिकृत तथ्यांक व्यवस्थापन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तमा कार्य गरेको सुनिश्चितता गर्ने ।

१.२. महिला, तथा पछाडि पारिएका समुदायको निर्णय प्रक्रिया, स्थानीय शासन पद्धति तथा यसका प्रशासनिक संरचनाहरूमा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

१.३. नगरपालिका मातहतका सबै कार्यालयहरू, स्थानीय तहमा क्रियाशील संघ संस्था तथा सञ्जालहरू, निजी क्षेत्रहरूले संवेदनशील रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तमा कार्य गरेको सुनिश्चितता गर्ने ।

१.४. नगरपालिकामा रहेका विषयगत संस्थाहरू, विज्ञहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको लक्ष्य अनुरूप कार्ययोजना निर्माण गरी सहकार्य गर्ने ।

१.५. नगरपालिकास्तरीय सबै सामाजिक संघ संस्था, विद्यालय व्यवस्थापन समिति, टोल विकास संस्था उपभोक्ता समिति, राजनीतिक कमिटी आदिमा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तथा नेतृत्वदायी भूमिकालाई सुनिश्चित गर्ने ।

१.६. वडा स्तर देखि नै पछाडि परिएका समुदायको नक्साङ्कन गरी उनीहरूको आर्थिक तथा सामाजिक सशक्तीकरणकार्यक्रमहरू सञ्चालन गर्ने । यस्ता कार्यमा नगरपालिकामा कार्यक्षेत्र बनाई काम गरिरहेका विकास साझेदारहरूलाई समेत परिचालन गर्ने ।

१.७. संघ, प्रदेश तथा नगरपालिकाले दलित, जेष्ठ नागरिक, अपाङ्गताको सवालमा बनाएका ऐन, नियम नीति, निर्देशिका कार्यविधि पूर्णरूपले कार्यान्वयन गर्ने ।

१.८ बाल बिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गर्ने उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, टोल बिकास संस्था, महिला मानव अधिकार रक्षक, यूवा तथा महिला सञ्जाल, बालक्लब, जिल्ला बाल सञ्जल जस्ता मानवअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।

१.९. महिला समूह, सञ्जाल, टोल विकास संस्थाका सदस्यहरूलाई आत्मजागृत गराउन नेतृत्व विकास, सवाल पहिचान, अभियान सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१.१०. नगरपालिकामा उपलब्ध स्रोत-साधनको परिचालन एवं प्रयोग गर्न, आर्थिक सुशासन कायम गर्न तथा उत्पादनमूलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्न नगरपालिकाले कार्य सञ्चालन निर्देशिका २०७८ बनाई कार्यान्वयनमा ल्याउने ।

**नीति २. नगरपालिकामा विद्यमान हानिकारक सामाजिक मूल्यमान्यतामा परिवर्तन गर्दै, सबै प्रकारको लैङ्गिक तथा जातीय विभेद र हानिकारक अभ्यासलाई शून्यमा झारिनेछ ।**

**रणनीति**

२.१ नगरपालिकाभित्र लैङ्गिक तथा जातीयविभेदको जोखिममा रहेका समुदायहरूको अध्ययन तथा स्थिति विश्लेषण गर्ने ।

२.२. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायहरूद्वारा नगरपालिकाका सबै वडाहरूमा लैङ्गिक हिंसा निवारण तथा हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य गर्न सामाजिक अभियानहरूसञ्चालन गर्ने ।

२.३. स्थानीय तहको अगुवाइमा सामुदायिक संघसंस्था, युवा, किशोरकिशोरी, निगरानी समूहहरू गठन तथा सुदृढीकरण गरी लैङ्गिक तथा जातीय विभेद र हिंसा नियन्त्रणका लागि विभिन्न संघसंस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने ।

२.४. महिला, तथा पछाडि पारिएको समुदायको शिक्षा तथा स्वास्थ्यलाई सर्वसुलभ र गुणस्तरीय बनाउने ।

२.५. हिंसा प्रभावितहरूको न्यायमा पहुँच अभिवृद्धिका लागि जिल्लामा भएको एक द्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को सुदृढीकरण सहित हरेक स्थानीय तहमा सो सेवालाई विस्तार गर्ने रणनीति अवलम्बन गर्ने ।

२.६. हिंसा प्रभावितहरूको न्यायमा पहुँच अभिवृद्धि गर्न आवश्यक सहयोगी संयन्त्र(अल्पकालिन सुरक्षाबास, मनोविमर्श, स्वास्थ्य उपचार सेवा) को निर्माण सहित आवश्यककार्यविधि निर्माण गरी द्रुत न्याय पद्धतिलाई संस्थागत गर्ने ।

२.७. न्यायिक समितिलाई साधन स्रोतसम्पन्न बनाई लैङ्गिक विभेद र हिंसा सम्बन्धी कानूनी व्यवस्था तथा कानूनी कार्यान्वयनको प्रक्रियाको बारेमा क्षमता विकास गर्ने ।

२.८. लैङ्गिक विभेद, हिंसा तथा जातीय छुवाछुतमुक्त पालिका घोषणा गर्न सूचक तयार गर्ने र सूचकको आधारमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

२.९ महिला, पछाडि पारिएका समुदायको महिला, अपाङ्गता भएका महिला, किशोरीहरूको सुरक्षितमातृत्व, यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१०. हिंसा, महामारी तथा विभिन्न रोगहरूको प्रभावबाट मानसिक स्वास्थ्यमा असर पुगेका व्यक्ति, परिवा तथा समुदायलाई केन्द्रित गरी समुदाय स्तर देखि नै मनोसामाजिकस्वास्थ्य परामर्शकार्यक्रम सञ्चालन गरी परामर्श सेवा तथा सम्प्रेशण सेवालाई सुदृढ गर्ने। साथै नगरपालिकाको हरेक स्वास्थ्य संस्थामा मनोविमर्श सेवालाई विस्तार गर्ने ।

२.११. आत्महत्या रोकथामका लागि समुदाय तह देखि महिला स्वास्थ्य स्वयंसेविका, मनोपरामर्शकर्ता, शिक्षक, स्वास्थ्यकर्मीहरु लगाएतको क्षमता अभिबृद्धि गरि जिल्ला अस्पतालमा रहेको मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने ।

२.१२. विद्यालयमा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education)लाई सुनिश्चित गर्ने वातावरण निर्माणका लागि आवश्यक कार्यबिधि निर्माण गरि कार्यान्वयन गर्ने ।

२.१३. समुदायमा हुने घरेलु हिंसा तथा लैगिक हिंसालाई निरुत्साहित गर्न जोड दिइनेछ । लैङ्गिक हिंसा निवारण कोष व्यवस्थापन गरी कोष सञ्चालन कार्यविधि निर्माण गर्ने ।

**नीति ३. महिला, दलित, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायतसीमान्तकृत समूहको समान अवसर, नेतृत्वदायी भूमिकाका साथै विकासका सम्पूर्ण लाभको उपभोगमा सबैको समान अधिकार सुनिश्चित गरिनेछ।**

**रणनीति**

३.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हासिल गर्न नगरपालिका र वडा कार्यालयहरूहरूको क्षमता विकास गर्ने ।

३.२. सामाजिक तथा भौतिक विकासका गतिबिधिहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण समूहको अधिकतम हितमा योजना निर्माण तथा कार्यान्वयन गर्ने ।

३.३. नगरपालिकाले सूचनाको सहजताका लागि एकीकृत सूचना प्रणालीको प्रवर्द्धन गरी नागरिकहरूको सेवा तथा अवसरको पहुँच वृद्धिमा सहयोग गर्ने ।

३.४. लैङ्गिक समानता सूचकांक बनाई कार्यान्वयनका लागि पहल गर्ने ।

३.५. नगरपालिकामा निर्माण हुने भौतिक संरचनालाई लैङ्गिक मैत्री बाल मैत्री तथा अपाङ्गतामैत्री बनाई सोअनुसारको सेवा सुविधाको सुनिश्चितता गर्ने ।

३.६. सार्वजानिक क्षेत्र, निजि कम्पनी तथा वित्तिय संस्था लगाएत नगरपालिका आफू र आफू मातहतका निकायहरूमा हुने नियुक्तिमा कम्तीमा ५० प्रतिशत नियुक्ति लैङ्गिक तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायको पहुँचको लागि कार्यबिधि निर्माण गरी कार्यान्वयन गर्ने ।

३.७. नगरपालिकाका सबै जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई लैङ्गिक समानताको अवधारणा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जवाफदेहिता संयन्त्रका बारेमा क्षमता विकास गर्ने ।

३.८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हासिल गर्न नगरपालिकाभित्र सम्पन्न गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ गर्ने ।

**नीति ४. महिला, तथा पछाडि पारिएका समुदायको स्रोत साधन माथिको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी स्वरोजगार, रोजगारी र उद्यमशीलताको प्रवर्द्धनगरी आर्थिक सशक्तीकरण सहित आत्मनिर्भर बनाउने ।**

**रणनीति**

४.१ महिला, मुस्लिम महिला, अपाङ्गता भएका व्यक्ति, दलित, तथा विपन्न समुदायका व्यक्तिहरूको सशक्तीकरण, नेतृत्व विकास, तथा आत्मनिर्भर बनाउन बजार सर्वेक्षणको आधारमा सिप तथा क्षमता अभिवृद्धि गर्ने गतिविधि सञ्चालन गर्ने ।

४.२ महिला,दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको लागि आर्थिक सशक्तीकरणका गतिविधिहरूको प्रवर्द्धन गर्ने ।

४.३. नगरपालिकामा रहेका काम गर्ने उमेर समूहका व्यक्तिहरु, स्थानिय रुपमा रहेको सीप पहिचान तथा अभिलेख तयार गरीत्यसको आधुनिकीकरण तथा व्यवसायिकताको लागि सहयोग गर्नेर पालिकामा न्यूनतम ज्याला निर्धारण गरी कार्यान्वयन गर्ने ।

४.४. सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका समूह/समुदायलाई विशेष प्राथमिकता दिँदै उपलब्ध स्थानीय स्रोत साधनमाथि उनीहरूको पहुँच बढाउने ।

४.५. महिला कृषक प्रवर्द्धन तथा उद्यमशीलता प्रवर्द्धन र बजारीकरणका लागि नीतिगत व्यवस्था गर्ने ।

४.६. कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, ताल पोखरी तथा वातावरण संरक्षण लगायतका कार्यक्रममा महिला तथा पछाडि पारिएको समुदायको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गर्ने ।

४.७. नगरपालिकाले हालसम्म सम्पन्न गरेका सीपमूलक तालिमहरूको प्रभावकारिताको अध्ययन तथा विश्लेषण गरी सोको आधारमा नयाँ तथा सामाजिक लैङ्गिक भूमिका रूपान्तरण गर्न सहयोग गर्ने योजना निर्माण गर्ने ।

४.८. प्राविधिक शिक्षालयहरूसँगको समन्वय तथा सहकार्यमा हरेक वडामा कृषि तथा पशु प्राविधिक मानव स्रोत उत्पादन गर्ने ।

४.९. वैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरू, वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरूको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुनर्उत्पादनमूलक बनाउने ।

४.१०. स्थानीय व्यापार व्यवसाय, गैर कृषिक्षेत्रको रोजगारी तथा सम्पूर्ण आर्थिक क्षेत्रमा महिला तथा पछाडि पारिएको समुदायको सहभागिता अभिवृद्धि गर्ने ।

४.११. **उद्यममा महिला विकासमा पहिला** नाराका साथ एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरी पालिकाका एकीकृत बजारीकरणको व्यवस्थापनका लागि लैङ्गिक उत्तरदायी बजेटको अवधारणा अनुरूप नगरपालिकाले भौतिक, आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।

४.१२. कृषिमा आधारित लघु उद्योग सञ्चालनको लागि महिला तथा पछाडि पारिएका समुदायहरूलाई प्रोत्साहन गर्ने साथै बजार व्यवस्थापनका लागि सहयोग गर्ने ।

४.१३. महिला, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको आत्मनिर्भरका लागि उद्यमशीलता प्रवर्द्धन गर्न आवश्यक बजेट सहित विशेष अनुदान कार्यक्रम सञ्चालन गर्ने ।

**नीति ५. राज्यले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धि र प्रतिबद्धताहरू (मानव अधिकार, महिला अधिका दिगो विकास लक्ष्य), देशको संविधान र कानूनहरूले प्रत्याभूत गरेका नागरिकका मौलिक ह अधिकार सुनिश्चित तथा स्थानीयकरणका लागि सामाजिक अभियानहरूसञ्चालन गरिनेछ ।**

**रणनीति**

**५.१.** लैङ्गिक समानता र समावेशीकरणका सवाललाई मानव अधिकार र सामाजिक न्याय सहित दि विकासको पूर्वाधारको रूपमा लिई कार्य गर्ने ।

५.२. संवैधानिक हक, महिला अधिकार, देवानी तथा फौजदारी संहिता र कार्यविधि,श्रम ऐन सम्बन् सामाजिक सचेतनाका लागि स्थानीय संघ संस्था तथा सञ्जालको सहकार्यमा अभियान सञ्चालन ग ।

५.३. समुदायमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धि, नीति, कानून तथा कार्यविधिको बारे सचेतनामूलक अभियानका लागि विद्यालय, टोलविकास संस्था, नागरिक समाज तथा स्थानीय सं संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

५.४. श्रम ऐन कार्यान्वयनका लागि नगरपालिकाले आवश्य सुचक निर्माण गरी कार्यान्वयन गर्ने ।

५.५. दिगो विकास लक्ष्य प्राप्तिका लागि संघीय तथा प्रदेश सरकारले निर्माण गरेको योजना अनुसा स्थानीय तहले योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

५.६. समुदायमा सञ्चालन हुने विकास निर्माणका उपभोक्ता समिति, लाभान्वित समूहहरूलाई लैङ्गि समानता र सामाजिक समावेशीकरणको बारेमा धारणागत स्पष्टता गर्ने ।

**नीति ६. विपद तथा महामारीका समयमा महिला, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूका फरक आवश्यकता र सो समयमा हुनसक्ने विभे र हिंसाका सवाल सम्बोधनका लागि नीति तथा कार्ययोजना निर्माण गरिनेछ ।**

**रणनीति**

**६.१.** विपद तथा प्रकोप प्रभावित, द्वन्द्वपीडित महिला तथा बालबालिकाहरूकोसवालहरू सम्बोधन तथा व्यवस्थापनका लागि छुट्टै नीतिगत व्यवस्था गर्ने ।

**६.२.** विपदको समयमा हुनसक्ने लैङ्गिक हिंसाको जोखिम र जोखिम न्यूनीकरणका उपायहरूबारे लैङ्गिक उत्तरदायी हुने गरी पूर्वतयारी एवं विपद व्यवस्थापनका लागि नीति तथा कार्यक्रमहरू बनाउने ।

६.३. वपद तथाप्रकोपको समयमा बढी प्रभावित क्षेत्रका समुदायको पहिचान, जोखिमको अवस्थाको मापन गरी आकस्मिक बजेट सहित योजना तयार गर्ने ।

६.४. विपद तथा प्रकोपबाट जोखिममा रहेका समुदायहरूलाई सहयोग र संरक्षण प्रदान गर्ने ।विपद तथा अन्य समयमा जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरूको अधिकार सुनिश्चितताका लागि नगरस्तरीय संरक्षण समिति गठन गरी प्रभावितको आवश्यक सहयोग तथा

संरक्षणका लागि प्रभावितहरूको खण्डिकृत तथ्यांक संकलन सहित तत्काल सेवा प्रवाहका लागि सम्प्रेषण ढाँचा निर्माण गरी सबैको सहकार्यमा सहयोग गर्ने वातावरण सुनिश्चित गर्ने ।

६.५.विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता सहित संघ, प्रदेश र गैरसरकारी संघसंस्थासँग सहयोग, सहकार्यका लागि सम्प्रेषण ढाँचा तयार गरी सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

## ११. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :

**यस लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति कार्यान्वयनका लागि देहाय बमोजिको व्यवस्था गरिनेछः**

- लैङ्गिक समानता नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन तहमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्यगर्ने प्रमुख दायित्व पालिका स्तरीय समितिका प्रमुख लगायत सदस्यहरूको रहनेछ ।

- नीतिले परिकल्पना गरे अनुसार आवश्यक ऐन, नियम, कायविधि, निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नेछ ।

- यस नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरसभाका सबैजनप्रतिनिधिहरू, वडा, टोल स्तरीय समितिका सदस्यहरूलगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ । साथै विभिन्न समिति तथा समूहहरूलाई क्रियाशील बनाउन पालिकास्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।

- स्थानीय सरकारले नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिवृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि संयोजन गर्ने, बजेटको व्यवस्था गर्ने, अनुगमन गर्ने कार्यको नगरपालिका स्तरीय समिति जिम्मेवार रहनेछ ।

- नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार विस्तृत रूपमा कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।

## १२. आर्थिक व्यवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि लाग्ने स्रोत साधन व्यवस्था गर्नु स्थानीय तहकोप्रमुख दायित्व हुनेछ । यसका लागि स्थानीय तहको मातहतका निकायले आ-आफ्नो योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जोड दिन आवश्यक हुनेछ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिकाको निर्माण, दक्ष जनशक्तिको आपूर्ति जस्ता विविध कार्यहरूका लागि लाग्ने अनुमानित स्रोत साधनबारे नगरपालिकाको विषयगत समितिहरूबाट छलफल गरि लैंगिक उत्तरदायि बजेटको अवधारणा अनुरुप कार्ययोजना निर्माण गर्नेछ ।कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाले आन्तरिक तथा बाह्य स्रोत समेत परिचालन गर्न आवश्यक हुनेछ ।

## १३. कानूनी व्यवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई नगरसभा तथा कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याउनेछ । यो नीतिलाईप्रभावकारी रूपमा कार्यान्वयनमा लैजान कानून, नियमावली तथा

कार्यविधि र कार्ययोजनाको व्यवस्था गर्न जरूरी हुन्छ ।अतः नगरपालिकालेएक वर्षभित्रमा कानून, नियमाव
र कार्य विधिको तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लानेछ ।

## १४. नीति कार्यान्वयन तथा अनुगमन

नीतिको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, सहजीकरण, र अनुगमन गर्न आवश्यक हुन्छ । य नीतिको कार्यान्वयनको अवस्था अध्ययन तथा समीक्षाका लागि नियमित अनुगमन गर्ने व्यवस्थाका लागि नगरस्तरीय एउटा समिति गठन गरी कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व निर्वाह गर्नेछ । स कार्यका लागि नगरपालिकाले आवश्यकता र प्राथमिकताको आधारमा पदाधिकारीहरूको चयन गर्नेछ समितिले प्रस्तुत नीतिको कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको यसबाट परेको प्रभाव बारे आवधिक रूपमा मूल्याङ्कन गर्ने कार्य नगरपालिकाको सामाजिक विकास समितिको समन्वयमा गर्नेछ । समिति निम्न बमोजिमको हुनेछ ।

- नगर प्रमुख, संयोजक
- उपप्रमुख, सदस्य
- कार्यापालिका सदस्यहरु
- प्रमुख प्रशासकीय अधिकृत, सदस्य
- कार्यपालिकाका सदस्यहरु मध्ये १ जना महिला सहित २ जना सदस्य
- नगरकार्यपालिकाद्वारा मनोनित लक्षित वर्गको क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्था मध्येबाट बढिमा २ (एक जना महिला ) जना, सदस्य
- नगरपालिकाको सम्बन्धीत बिषयतगत शाखाको प्रमुख, सदस्य सचिब

## १५. जोखिम तथा जोखिम न्यूनीकरणका लागि नगरपालिकाले ध्यान दिनुपर्ने कुराहरू

लैङ्गिक समानता र समावेशीकरण नीतिको प्रकृति र स्वरूप विस्तृत हुनुका साथै बहुपक्षीय सरोकारको विषय भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छ :

- यो नीति सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूमा साझा बुझाइमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना।
- पितृसत्तात्मक सोच हाबी रहेको सन्दर्भमा यस नीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाइका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।
- सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा यस नीतिको कार्यान्वयन तथा अनुगमन सही ढङ्गबाट नहुन सक्छ ।
- यो नीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छा शक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाइ हुने सम्भावना रहन्छ ।
- यस नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तीय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ ।
- समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ ।

### जोखिम न्यूनीकरणका लागि अपनाउन सकिने उपायहरु:

- बहुपक्षीय सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्य बढाउने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूको साझा बुझाइमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने ।
- पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी कार्यहरूको नियमित समीक्षा गर्ने ।

- स्थानीय तहमा कार्यरत कर्मचारीहरूले यस नीति कार्यान्वयनका लागि प्रतिबद्ध भई सहयोग गर्ने ।
- जननिर्वाचित महिला सदस्यहरू यो नीति कार्यन्वयन गर्नको लागि पूर्णरूपमा सक्षम हुनेछन् ।

अनुसूचीहरू :

अनुसूची १.

अध्ययन सामग्रीहरू :

- नेपालको संविधान, २०७२
- पन्धौं योजनाको आधारपत्र, २०७६/७७ - २०८०/८१
- दिगो विकास लक्ष्य
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपालको मानव विकास प्रतिवेदन, २०२०
- राष्ट्रिय स्वास्थ्य नीति, २०७६
- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय "राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७"
- मानव अधिकार सम्बन्धी विभिन्न दस्तावेजहरू
- बहुआयामिक गरीबी सूचकांक (MPI - report 2018)
- गोडैता नगरपालिकाको वेभसाइट
- गोडैता नगरपालिकाको शिक्षा ऐन, २०७५
- गोडैता नगरपालिकाको अपाङ्ग कार्यविधि, २०७५
- गोडैता नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०७७/०७८
- गोडैता नगरपालिकाको जेष्ठ नागरिक परिचयपत्र कार्यविधि, २०७५
- सामाजिक विकास मन्त्रालयको वेभसाइट, प्रदेश नं २
- प्रदेश बाल अधिकार ऐन २०७७, प्रदेश नं २
- दलित सशक्तीकरण गर्न सम्बन्धी बनेको ऐन २०७६, प्रदेश नं. २
- मुख्यमन्त्री कार्यालयको वेभसाइट, प्रदेश नं. २,
- वेभसाइट र अनलाइनमा उपलब्ध विषयवस्तुसँग मिल्ने लेखहरू
- सारभूत लैङ्गिक समानता नीति, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, प्रदेश नं २
- प्रदेश नं. २ को जनसांख्यिक स्थिती
- बालविवाह बिरुद्धको राष्ट्रिय रणनीति २०७२
- मानसिक स्वास्थ्य नीति २०७७
- स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यबिधी
- स्थानिय तहको सामाजिक सुरक्षा सम्बन्धी अभिलेख
- एकद्वार संकट व्यवस्थापन केन्द्रको तथ्यांक

अनुसूची २. सिद्धान्तहरु:

(क) **अविभेद (Non-discrimination)**:यो नीति कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, लैङ्गिक त यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरु, जातजाति, लि वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरीने छैन

(ख) **सारभूत समानता (Substantive equality)**: यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानत अर्थात परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

(ग) **कोहि पछाडि नछुटुन् (No one leave behind)** : यस नीतिले दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ ।

(घ) **कसैलाइ हानि नपुऱ्याउने (Do no harm)**:यस नीतिले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(ङ) **शून्य सहनशीलता (Zero tolerance)**: यो नीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलाम लैङ्गिक हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(च) **सकारात्मक सोच (Appreciative inquiry)**:यो नीति सकारात्मक सोच तथा परिवर्तन सभंव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

(छ) **अर्थपूर्ण सहभागिता (Meaningful participation)**: यो नीतिले सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिइएको छ ।

(ज) **प्रभावितको संरक्षण (Protection of the survivors)**:यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरूको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

(झ) **गोपनीयताको अधिकार (Rights to Privacy)**: यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(ञ) **न्यायमा पहुँच तथा द्रूत न्याय (Fast track court)**: यो नीतिउत्पिडनमा परेका वर्ग तथा समुदायको न्यायमा केन्द्रित रहेको छ रलैङ्गिक हिंसा प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(ट) **साझेदारिता र सहकार्य(Partnership and collaboration)** : यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ ।

(ठ)**लोकतान्त्रिक पद्धति (Democratic system)**: लोकतान्त्रिक पद्धतिलाई नगरपालिकाको हरेक प्रक्रियामा आत्मसात गरि रुपान्तरणमुखि सोचबाट नेतृत्व शैलीमा परिवर्तन गर्नेछ

(ड) **आत्मनिर्भरता(Self reliance)**: यो नीतिले महिला तथा पछाडि पारिएको हरेक समुदायको जीवनमा आत्मनिर्भरतालाई मूलमन्त्रको रुपमा लिनेछ ।

अनुसूची ३. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकशरण नीति निर्माण कार्यसमूह सदस्यहरु:

१. श्री शम्भु प्रसाद कुशवाह, वार्ड अध्यक्ष

२. श्री राज किशोर साह, प्रशासन अधिकृत

३. श्री अरविन्द प्रसाद साह, सुचना अधिकृत

४. श्री अर्चना सिं, नागरकार्यपालिका सदस्य

५. श्री राम कुमारी राम, वार्ड सदस्य

६. श्री प्रभा पासवान, वार्ड सदस्य

७. श्री देव नारायण पण्डित, अधिकारकर्मी

८. श्री अब्दुल सहमद (नग्मा), अधिकारकर्मी

**अनुसूची ४. प्रस्तावित कार्यक्रमहरु**

**प्रस्तावित कार्यक्रमहरु:**

**केहि प्रस्तावित कार्यक्रमहरु:**

**१. हानिकारक सामाजिक मूल्यमान्यता, लैङ्गिक विभेद बिरुद्धको कार्यक्रमहरु:**

- विद्यालय शिक्षाको पाठ्यक्रममा रुपान्तरणमूखी सामाजिक लैगिंक भुमिका र हानिकारक परम्परागत अभ्यासहरु विरुद्धका विषयवस्तुलाई समावेश गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरूलाई आवश्यक सेवा तथा न्यायमा पहुँच सहित दिगो जीविकोपार्जनका कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय सञ्चार माध्यमहरू (रेडियो, एफ.एम, टेलिभिजन, पत्रपत्रिका) ले लैङ्गिक भेदभावलाई प्रोत्साहन गर्ने समाचार, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य-दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न रोक लगाउने नीति अवलम्बन गरिनेछ ।
- हिंसा प्रभावितहरुका लागि पालिकामा उपलब्ध सेवाहरुको विस्तृत विवरण तयार गरि न्यायीक समितिलाई साधन, स्रोत सम्पन्न बनाई उजुरी प्रक्रियालाई सरल र सहज बनाउने ।
- सामाजमा धार्मिक र साँस्कृतिक रुपमा जरा गाडेर बसेको हानिकारक अभ्यासहरु, बालविवाह, बहुविवाह, दहेज तथा तिलक प्रथाको अन्त्य गर्न **धार्मिक गुरु तथा अन्य सरोकारवालाहरुको नेतृत्वमा समाजिक जागरण तथा रुपान्तरण अभियान संचालन गर्ने** । साथै यस किसिमका घटना बिरुद्धमा कानूनी कार्यवाहीलाई प्रभावकारी बनाउने ।
- सबै वडामा हानिकारक सामाजिक मूल्य मान्यताले पारेको असरका बारेमा समुदाय स्तरमा आम भेला गर्ने साथै जनप्रतिनीधिहरु, लैगिंक हिंसा नियन्त्रण/निगरानी संयन्त्र, सञ्जाल, समुहसँग समय समयमा अन्तरक्रिया गर्ने ।
- समुदाय तह देखि लैंगिक हिंसा बिरुद्धको सूचना र हिंसा भएमा कसरी उजुरी गर्ने, कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा तथा चित्र पोष्टरहरुको माध्यमबाट सबैको पहुँच हुनेगरी प्रवाह गर्ने ।

- स्थानीय तहका सञ्चारमाध्यमबाट लैगिंक विभेदमा आधारित हिंसा, हानिकारक परम्परागत अभ्या रोकथाम तथा संरक्षण सम्बन्धी सुचनालाई घरघरसम्म पुग्ने गरि सम्प्रेषण गर्ने ।
- टोल बिकास संस्था, समूहहरुको अगुवाईमा विभिन्न दिवसिय अभियानहरु स्वच्छ महिनावार किशोरी दिवस, वाल दिवस, मानव अधिकार दिवस, श्रमिक महिला दिवस, लैंगिक हिंसा बिरुद्धको १ दिने अभियान लगायतका दिवसका अवसरमा विभिन्न सचेतना तथा अभियान मूलक कार्यक्र संचालन गर्ने ।
- समाजमा दाइजो तथा तिलक बहिष्कार गर्ने व्यक्ति, परिवार तथा जोडिलाई सार्वजानिक रुपम सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रम गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरूको आत्मवल बृद्धिको लागि मनोसामाजिक परामर्शका साथै जीवन उपयोगी शिक्षा र सीप दिई प्रभावितका लागि अनुकुल र उसको निर्णय अनुसारको स्थानमा पुनर्फिर्ति हु सहयोग गर्ने ।
- व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा संचालन गर्न घटना दर्ता शिविर संचालन गर्ने ।
- बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिका माथि हुने हिंसाको बारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५ सम्बन्धी स्थानिय भाषामा होर्डिङवोर्ड बनाइ नगरपालिकाका विभिन्न सार्वजनिक स्थानमा राख्ने ।
- वडाहरूमा प्रहरी, महिला समूह, युवा, किशोरकिशोरी समूह, धर्मगुरुहरू, पुरुष एवं लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सहभागितामा लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्ने ।
- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण महिलाको समग्र विकासका लागि एक परिवार कम्तीमा एक सदस्य रहने गरी नगर तथा वडा क्षेत्रभरी महिला समूह गठन गरि महिलाको क्षमता विकास, सशक्तिकरण तथा संस्थागत विकास गर्ने ।
- जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिश लगायतका सेवा सुविधाहरु निशुल्क उपलब्ध गराउने ।
- वडा स्तरका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनामा कम्तीमा एक तिहाई योजनामा महिला नेतृत्वमा संचालन गर्ने ।
- उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको वर्गीकरण गरी प्रत्येक निर्वाचित वडा सदस्यहरुलाई योजना अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवारी बाँडफाँड गरी योजना संचालन र सम्पन्नताको समयसिमा निर्धारण गरी जिम्मेवारी प्रदान गर्ने ।
- पालिकाको पर्यटन प्रवर्द्धनका साथै महिलाहरुको सार्वजनिक स्थलमा पहुँच बृद्धिका लागि महिला उद्यान निर्माण गर्ने ।
- कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सेवाग्राही प्रतिक्षालय, सहायता कक्ष, र सोधपुछ कक्षको व्यवस्था मिलाइने ।
- जेष्ठ नागरिकहरुको सम्मान जनक जीवन यापनका लागि सामाजिक सचेतना अभियानका साथै परिवार तथा समाजलाई जिम्मेवार बनाउन बिशेष कार्यक्रम संचालन गर्ने ।
- जेष्ठ नागरिकहरुको जमघट तथा आफ्नो कुरा राख्ने थलोको व्यवस्थापनका लागि जेष्ठ नागरिक विश्राम स्थल निर्माण गर्ने ।

- सामुदायीक प्रहरी, वडा कार्यालय, सामुदायीक मेलमिलाप समिति नेतृत्वमा प्रत्येक वडामा लैगिंक विभेद, असमानता, हिंसा, लागु औषध तथा दुर्व्यसनी, हानिकारक परम्परागत अभ्यास विरुद्ध नियमित सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्ने ।

- लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकारबीच निरन्तर सार्वजनिक बहस एवं संवादको आवधिक सञ्चालन गर्ने ।
- लैंगिक विभेदमा आधारित हिंसा, जातिय छुवाछुत विरुद्धको सुचना सामाग्रीहरुलाई सार्वजनिक स्थानहरुमा (विद्यालय, सिनेमाहल, बसपार्क, हाटबजार, मूख्य चोक, सार्वजनिक यातायातका साधनहरु लगायत) नियमित रुपमा देखिने गरि प्रदर्शन गर्ने ।
- महिला स्वास्थ्य स्वयमसेविका, महिला सहकारीहरुको नेतृत्व तथा सहयोगमा वडाका महिला सदस्यहरु सम्मिलित सुचना वितरण समिति बनाउने, स्थानीय गैरसरकारी संस्थासँग सहकार्य गरि सूचना वितरण गर्ने ।

**शिक्षाको क्षेत्रमा गरिने मुख्य गतिबिधिहरु:**

- मुश्लिम महिला, पिछडा बर्ग लगाएत सबै महिलाको बिकास तथा सहभागिताको लागि महिला शिक्षालाई अनिवार्य गरी कार्यान्वयनको लागि छुट्टै संयन्त्र गठन गरि प्रभावकारी रुपमा परिचालन गर्ने ।
- नगरपालिका क्षेत्र भित्र एवं विद्यालयहाता भित्र छुवाछुत, बालश्रम र लैङिगक हिसा एवं दुर्व्यवहार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गर्ने ।
- विद्यालय उमेर समुहका बालबालिकाको लागि विद्यालय गए नगएको अनुगमन गरी त्यस्ता बालबालिकालई विद्यालय जानको लागि सहयोगका कार्यक्रमहरु संचालन गर्ने ।
- विद्यालयमा अपाङ्गतामैत्री वातावरणको सृजना गरि अपाङ्गता भएका बालबालिकाको सजह शिक्षाका लागि बातावरण निर्माण गर्ने ।
- सवै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड वितरणको कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्ने ।
- लागू औषध दुर्व्यशनी, बाल विवाह, बहु विवाह, दाइजो सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक विद्यालयहरुमा संचालन गर्ने ।
- विद्यालयमा बृहत्तर यौनिकता शिक्षा कक्षा संचालन गर्ने । साथै समुदायमा रुपान्तरण कक्षा संचालन गर्ने । यसका लागि पालिका र पालिकामा कार्यरत गैससहरुसँग सहकार्य गर्ने ।
- विद्यार्थी टिकाउदर बढाउन विद्यालय स्तरमा तोकिएको विद्यार्थीहरुको लागि दिवा खाजालाई निरन्तरता दिइनेछ । साथै बेटि पढाउ बेटि बचाउ अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाउने ।
- नगरपालिकाको कुनै सामुदायिक बिद्यालयलाई अपांगता भएका विशेष गरी बहिरा र दृष्टि बिहिनहरुको लागि सहयोग हुने गरि शैक्षिक वातावरणको व्यवस्थापन गर्ने ।
- दलित तथा आर्थिक रुपले विपन्न समुदायमा उच्च शिक्षा हासिल गर्ने वालबालिकालाई आर्थिक सहयोग तथा शिक्षा विमाको माध्यमबाट प्रोत्साहित गर्ने ।

**स्वास्थ्यको क्षेत्रमा गरिने मुख्य गतिबिधि:**

- खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य सँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयं सेविकालाई परिचालन गर्ने ।

- बिशेष गरि मुश्लिम महिलाको प्रजनन् स्वास्थ्य सामाग्रीहरुमा पहुँच बृद्धिका लागि धार्मिक रुपमा नै बाध्यात्मक रहेको नियमलाई धार्मिक गुरुहरु, समुदायका अगुवा व्यक्तिहरुसँग आवश्यक छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु गर्ने ।

- किशोरकिशारी लक्षित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, महिनावारी चक्र तथा सरसफाइ, प्रजनन् स्वास्थ्य बारे कार्यक्रम संचालन गर्ने ।

- किशोरी, यौनिक तथा लैंगिक अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच बढाउन हरेक स्वास्थ्य संस्थामा सम्पर्क व्यक्ति तोक्ने साथै मनोविमर्श तथा परामर्श सेवालाई संचालन गर्ने ।

- महिलाको पाठेघर(आङ्ग) खस्ने समस्या तथा अन्य यौन रोग सम्बन्धि लक्षित समूहमा जनचेतनामुखी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । समुदायमा स्वास्थ्य शिविर संचालन गर्ने साथै पाठेघर खसेका बिरामी महिलाहरुको नि:शुल्क शल्यक्रियाका लागि सहयोग गर्ने ।

- कोभिढ १९ बिरुद्धमा समुदायमा जनचेतना कार्यक्रम संचालन गर्ने ।

- सबै वडा तहबाटै पाठेघरको मुख, मोतिबिन्दु, उच्च रक्तचाप र मधुमेह रोगहरुको नि:शुल्क परिक्षण गर्ने दीघरोग नियन्त्रण तथा व्यवस्थापनको लागि प्रत्येक वडामा “स्वास्थ्य तथा आरोग्य” कार्यक्रम संचालन गर्ने ।
- महिलाहरुमा बढ्दो क्रममा रहेको स्तन क्यान्सर र सर्भाइकल क्यान्सर जस्ता रोगहरुको नि:शुल्क परिक्षण गर्ने व्यवस्था मिलाउने साथै नि:शुल्क गर्भपतन सेवा संचालन गर्ने ।

**२. लैङ्गिक समावेशीकरण तथा लैङ्गिक मूलप्रवाहीकरक कार्यक्रम:**

- नगरपालिकाको योजनाको निश्चित प्रतिशत पछाडि पारिएका लिङ्ग, वर्ग र समुदायका व्यक्तिहरूको नेतृत्वमा सञ्चालन गर्ने रणनीति अवलम्बन गर्ने ।

- नगरपालिका भित्रका सबै वडाहरुमा खण्डिकृत तथ्यांकहरुलाई नगरपालिकाको आफनो अनलाइन प्रविधिमा समेत व्यवस्थापन गर्ने ।

- न्यायिक समितिमा आउने लैङ्गिक हिंसाका घटनाहरुलाई गोपनियता कायम गर्न प्रभावितको नामलाई कोडिंग गरि तथ्यांकिय व्यवस्थापन गर्ने ।
- नेपाल सरकारले व्यवस्था गरेका विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरूको बारेमा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रवाहलाई सहज र सर्वसुलभ बनाउने ।

- पालिकामा संचालित कार्यक्रम अनुगमनका लागि वडा स्तरमा वडा, संस्थानिय संघ संस्था र समुदायको संयुक्त सहभागितामा अनुगमन समिति निर्माण गरि नियमित अनुगमन गर्ने ।
- हरेक वडा र नगरपालिकामा सुचना पेटी, गुनासो पेटि तथा सुझाव पेटिकाको व्यवस्था गर्ने ।
- कुनै पनि व्यक्ति आफुले पाउने सेवा सुबिधाबाट बञ्चित नहुन् भन्ने सुनिश्चितताका लागि टोल बिकास संस्थाको गठन गरि नगर तथा वडा तहका सुचनाहरुलाई हरेक घरमा पुर्‍याउने व्यवस्था गर्ने ।
- स्थानिय संचार माध्यमहरुसँगको सहकार्यमा नपाबाट प्रदान गरिने सेवा सुबिधा तथा कार्यक्रमहरुको पारदर्शिता व्यवस्थित गर्ने ।

**३. आर्थिक सशक्तिकरण तथा नेतृत्व विकासका कार्यक्रमहरु:**

- कृषिमा आधारित लघु उद्योग संचालनको लागि महिलाहरुलाई प्रोत्साहन गर्ने साथै बजार व्यवस्थापनका लागि सहयोग गर्ने ।
- महिला तथा पछाडि पारिएका समुदायहरूलाई व्यवसाय सञ्चालन, बैंकिंग तथा वित्तिय कारोबार लगाएत सरकारबाट प्रदान गरिने सेवा तथा छुट सुबिधाहरु सम्बन्धी अभिमुखिकरण तथा तालिम कार्यक्रम संचालन गर्ने ।
- महिला मैत्री कृषी सामाग्री प्रबर्द्धन गरी महिला कृषकहरुका लागि बिशेष अनुदान, निर्व्याजी ऋण सहयोग तथा बिँउ पुँजी सहयोग गर्ने ।
- बाझो जमिनमा निजी र सार्वजनिक संस्थालाई प्रोत्साहित गरि बाँझो जमिनमा जडीबुटि, गैह्र काष्ठ पैदावार बिरुवा रोपण कार्य गरि वातावरण संरक्षण र रोजगारी सिर्जना गर्ने कार्यलाई अगाडि बढाउने ।
- नगरपालिकामा सञ्चालित योजनाहरूको निर्माण कार्यमा संलग्न सबै व्यक्तिहरूलाई समान रूपले ज्यालादारी काममा सहभागी गराउने, अन्य सीपमूलक तालिम सञ्चालन गर्ने यस किसिमका कार्यक्रमहरूमा यौन अल्पसंख्यकको समुदायको अनिवार्य सहभागिता गराउने ।

**४. महिला अधिकार, मानव अधिकार, संबिधान तथा कानूनहरुको बारेमा सचेतना कार्यक्रम:**

- समुदायका टोल बिकास संस्थाहरुमा मानव अधिकार, महिला अधिकार, दिगो बिकास लक्ष्यको बारेमा अभिमुखिकरण गर्ने ।
- लैंगिक समानता र समाबेशिका सवालहरुमा अन्तर बिद्यालय स्तरिय बिभिन्न प्रतियोगिताहरु संचालन गर्ने ।

- बालमैत्री तथा बाल श्रम मुक्त टोल तथा बस्ती बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रमहरू सञ्चालन गर्ने ।

- दिगो बिकास लक्ष्यको बारेमा टोल बिकास संस्था र बिद्यालयहरुमा छलफल गर्ने ।

- स्थानिय प्रहरी, स्वास्थ्य संस्थाहरु, बिद्यालय तथा कलेजहरुको सहकार्यमा देवानी तथा फौज्दारी संहिता र कार्यबित्रि, श्रम ऐन सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

**५. विपद तथा माहामारीका समयमा महिला, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूका फरक आवश्यकता र सो समयमा हुनसक्ने विभेद र हिंसा बिरुद्धको कार्यक्रमहरु :**

- संघ संस्था, संजालहरुको रोष्टर तयार गर्ने ।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता सहित संघ, प्रदेश र गैरसरकारी संघसंस्थासँग सहयोग, सहकार्यका लागि सम्प्रेषण ढाँचा तयार गरी सहयोग गर्ने ।
- जिल्ला विपद व्यवस्थापन समितिसँगको सहकार्यमा पालिका तथा वडास्तरमा समेत विषयगत समिति (Thematic-Cluster) तथा संयन्त्र निर्माण गर्ने ।

- विपद्मा विशेष जोखिममा रहने किशोरी, महिला, गर्भवती, सुत्केरी, अपागंता, वृद्धा, लैगिंक तथा यौनिक अल्पसंख्यक, विशेष र फरक आवश्यकता भएका व्यक्तिहरुलाई केन्द्रमा राखेर लैगिंक संवेदनशिलताका साथ राहत प्याकेज निर्माण गरि सहयोग गर्ने ।

- विपदलाई व्यवस्थापन गर्नका लागि विपद व्यवस्थापन कोष संचालन गरी उक्त कोषमा प्रयाप्त बजेट विनियोजन गरिनेछ ।

- विपद तथा जोखिमको अवस्थामा समुदायमा पर्ने मनोसामाजिक सवालको सम्बोधनका लागि मनोसामाजिक परामर्श/मनोविमर्श सेवालाई अनिवार्य रुपमा सेवा प्रदान गर्ने व्यवस्था गर्ने ।

- महिला, किशोरी, अपांगता भएका व्यक्ति बृद्ध व्यक्तिहरुको आवश्यकतालाई मध्यनजर गरेर सहयोग सामाग्री वितरण गर्ने योजना बनाउने ।

- विपद तथा महामारीलाई सबैको सहभागिता र सक्रियतामा व्यवस्थापन गर्न नगरपालिका स्तरीय स्वयम्सेवक बैंक स्थापना गरी संचालनमा ल्याइनेछ ।

**धन्यवाद**